# गन्यापधुरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १० संख्याः०२ मिति २०८३।०३।२६

## भाग - १

**गन्यापधुरा गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**गणेशपुर, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**गन्यापधुरा गाउँपालिकामा आर्थिक वर्ष २०८३।०८४ का लागि कर तथा राजश्व संकलन गर्नका लागि तयार पारिएको आर्थिक ऐन, २०८३ सर्वसाधारणको लागि प्रकाशन भएको सूचना गरिन्छ।**

### आर्थिक ऐन, २०८३

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०३।१०

**प्रस्तावना:** गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयनको लागि स्थानीय कर, कर शुल्क, दस्तुर र जरिवाना सङ्कलन गर्ने, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम गन्यापधुरा गाउँपालिकाको गाउँ सभाले यो ऐन जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. सम्पत्ति कर :** गन्यापधुरा गाउँपालिकाको क्षेत्रभित्र अनुसूचि-१ बमोजिम गन्यापधुरा गाउँपालिका क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ।

**३. भूमिकर ( मालपोत ):** गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची-२ बमोजिम भूमिकर ( मालपोत ) लगाई असुलउपर गरिनेछ।

**४. बहाल कर :** गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले भवन, घर, पसल, वर्कसप, ग्यारेज, टहरा, सेड, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची-३ बमोजिम बहाल कर लगाई असुलउपर गरिनेछ।

**५. व्यवसाय कर :** गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघ संस्था वा निकायलाई व्यावसायिक प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची-४ बमोजिम व्यावसाय कर लगाई असुल उपर गरिनेछ।

**६. जडीबुटी, कबाडी र जीवजन्तु कर :** गन्यापधुरा गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ती वा संस्थाले ऊन, खोटो, जडीबुटी, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे वापत अनुसूची-५ बमोजिमको कर लगाई असुलउपर गरिनेछ।

**७. प्राकृतिक स्रोत साधन विक्री:** गन्यापधुरा गाउँपालकाले आफ्नो क्षेत्र भित्रका उपलब्ध हुने प्राकृतिक स्रोतहरु ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, दहत्तर, बहत्तर आदिमा अनुसूची-६ बमोजिम न्यूनतम दर कायम गरी विक्री गरिनेछ।

**८. सवारी साधन कर:** प्रदेश सरकारले तोकेबमोजिम बाँडफाँडबाट गाउँपालिकालाई प्राप्त हुने सवारी साधन करको आम्दानी बाँधिने छ । तर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन ( अटो रिक्सा र विद्युतीय रिक्सा ) मा अनुसूची -७ बमोजिम सवारी साधन कर लगाई असुलउपर गरिनेछ।

**९. विज्ञापन कर:** गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-८ बमोजिमको दरमा विज्ञापन कर लगाई असुलउपर गरिनेछ।

**१०. मनोरञ्जन कर**: गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यावसायमा अनुसूची-९ बमोजिम हुने र प्रदेशले तोकेको कर सुदूरपश्चिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

**११. बहाल बिटौरी शुल्क:** गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा विशेष मेला पर्वमा अनुसूची-१० मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ।

**१२. सवारी साधन पार्किङ शुल्क:** गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-११ बमोजिम सवारी साधन पार्किङ शुल्क लगाई असुल उपर गरिनेछ।

**१३. सेवा शुल्क दस्तुर:** गन्यापधुरा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवा ग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएबमोजिम शुल्क लगाई असुल उपर गरिनेछ।

**१४. पर्यटन शुल्कः** गन्यापधुरा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक उपयोगको प्रवेश शुल्क अनुसूची-१३ मा उल्लेखित दरमा लगाई असुल उपर गरिनेछ।

**१५. ढुवानी भाडादरः** गाउँपालिकाको डोजर, ट्याक्टरबाट गाउँपालिकाले अनुसूची-१४ बमोजिमको दरमा लगाईने र असुल उपर गरिनेछ।

**१६.** गाउँपालिकाले गाउँपालिका भित्रका सामुदायिक वनहरुले आफनो एक आर्थिक वर्षको कूल वार्षिक आम्दानी गरेको रकमको १० प्रतिशत रकम असुल उपर गरिनेछ।

**१७. घरजग्गा रजिष्ट्रेशन शुल्क :** गन्यापधुरा गाउँपालिका क्षेत्रभित्रका घरजग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सुदूरपश्चिम प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**१८. विभाज्य कोष सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले प्रचलित कानून बमोजिम सङ्कलन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नु पर्ने प्रकृतिका राजस्वहरु यस कोषमा जम्मा गरी तोकिएबमोजिम बाँडफाँड गरिनेछ।

**१९. कर तथा शुल्क सङ्कलन कार्यविधिः** यस ऐनमा भएको व्यवस्था यसैबमोजिम र अन्यका हकमा यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क सङ्कलन सम्बन्धमा गन्यापधुरा गाउँपालिका, गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**२०. यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनुअघि भए/गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**२१. नियम वा कार्यविधि बनाउन सक्ने :** गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

**२२. साबिक बमोजिम हुने :** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

**२३. बाधा अड्काउ फुकाउ** : यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

**२४. खारेजी :** साबिकमा गन्यापधुरा गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएको हदसम्म खारेज हुने छन् ।

## अनुसूची -१
## (ऐनको दफा २ सँग सम्बन्धित)
## सम्पत्ति करको दर

| क्र.सं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | कच्ची घर माटो र ढुङ्गाले बनेको खरको छाना भएको घर कर | १०० |
| २ | कच्ची घर माटो र ढुङ्गाले बनेको सिलेट/ ढुङ्गाको छाना भएको घर कर | २५० |
| ३ | कच्ची घर माटो र ढुङ्गाले बनेको जस्ता पाताको छाना भएको घर कर | ३०० |
| ४ | पक्की घर माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको घर कर | ३५० |
| ५ | पिल्लर नभएको RCC छत ढलान भएको घर कर | ४०० |
| ६ | पक्की घर RCC ढलान भुई तलामात्र भएको घर कर | ४५० |
| ७ | पक्की घर RCC ढलान एक तला थप भएको घर कर | ५०० |
| ८ | पक्की घर RCC ढलान दुई तला थप भएको घर कर | ८०० |
| ९ | पक्की घर RCC ढलान तीन तला थप भएको घर कर | १५०० |
| १० | पक्की घर RCC ढलान चार तला वा सो भन्दा माथि थप भएको घर कर | २००० |

**नोटः** सम्पत्ति कर म्यादभित्र बुझाउन नआएमा प्रति वर्ष ३०% का दरले थप जरिवाना लाग्नेछ।

## अनुसूची – २

**(ऐनको दफा ३ सँग सम्बन्धित)**

**भूमि ( मालपोत कर) करको दर**

| क्र.सं. | विवरण | खेत तर्फ रु. | | | | पाखो तर्फ रु. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| १ | प्रति रोपनी | ४० | ३५ | ३० | २५ | ३० | २५ | २० | १५ |
| | | | | | | | | | |
| **नोटः** भूमिकर (मालपोत कर) म्यादभित्र बुझाउन नआएमा प्रति वर्ष ३०% का दरले थप जरिवाना लाग्नेछ । | | | | | | | | | |

## अनुसूची -३

**(ऐनको दफा ४ सँग सम्बन्धित)**

**घर जग्गा बहाल कर**

| विवरण | करको दर रु. |
|---|---|
| घर जग्गा बहाल बापतको कर | १० प्रतिशत |

## अनुसूची -४

## (ऐनको दफा ५ सँग सम्बन्धित)

## व्यवसाय कर

### १. बैंक वित्तीय संस्था तथा बीमा कम्पनीहरुको लागि

| क्र.सं. | व्यवसायको विवरण | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. |
|---|---|---|---|
| १ | क वर्गको वित्तीय संस्था वा वाणिज्य बैंक शाखा कार्यालय | १०००० | ५००० |
| २ | ख वर्गको वित्तीय संस्था वा विकास बैंक शाखा कार्यालय | ८००० | ३००० |
| ३ | ग वर्गको वित्तीय संस्था वा फाईनान्स कम्पनीका शाखा कार्यालय | ७००० | ३००० |
| ४ | शाखा रहित बैकका कार्यालय | २००० | १००० |
| ५ | लघु वित्तीय संस्थाको शाखा कार्यालय | ५००० | २००० |
| ६ | सहकारी बैंकका शाखा कार्यालयहरु | ६००० | २००० |
| ७ | सहकारी संस्थाहरु | | |
| | क. बचत तथा ऋण सहकारी २०० सम्म सदस्य भएमा | २००० | ५०० |
| | ख. बचत तथा ऋण सहकारी ५०० सम्म सदस्य भएमा | ५००० | ५०० |
| | ग. बचत तथा ऋण सहकारी ५०१ देखि १००० सम्म सदस्य भएमा | ७००० | ५०० |
| | घ. बचत तथा ऋण सहकारी १००० भन्दा बढी सदस्य भएमा | ९००० | ५०० |
| | ङ. कृषि सहकारी संस्था सबै प्रकारका | २००० | ५०० |
| | च. महिला सहकारी संस्था सबै प्रकारका | २००० | ५०० |

| | | | |
|---|---|---|---|
| | छ. बहुउद्देशीय सहकारी संस्था | ५००० | ५०० |
| | ज. अन्य सहकारी संस्था | ३००० | ५०० |
| ८ | बिमा कम्पनीका शाखा कार्यालय | ८००० | ५०० |
| ९ | मनी एक्सचेन्ज कम्पनी | २००० | ५०० |
| ९ | रेमिट्यान्स कम्पनी | २००० | ५०० |
| नोटः व्यवसाय कर समयमा नवीकरण नगराएमा ५०% जरिवाना लाग्नेछ। | | | |

**२. विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय**

| क्र.सं. | व्यवसायको विवरण | रकम रु. (दर्ता शुल्क) | नवीकरण रु. |
|---|---|---|---|
| १ | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता | १५००० | ५००० |
| २ | स्वदेशी गैर सरकारी संस्था दर्ता | ५००० | २००० |
| ३ | बीमा एजेन्ट | १००० | ५०० |
| ४ | अमिन | १००० | ५०० |
| ५ | लेखा परीक्षक शुल्क | १००० | ५०० |
| ६ | कृषि परामर्श सेवा | १००० | ५०० |
| ७ | कानूनी फर्म | १००० | ५०० |

**३. निर्माण व्यवसाय**

| क्र.सं. | व्यवसायको विवरण | रकम रु. |
|---|---|---|
| १ | 'घ' वर्गको निर्माण व्यवसाय ईजाजत पत्र दर्ता | २५००० |
| २ | नविकरण दस्तुर 'घ' वर्गको (असोज मसान्त भित्र) | ३००० |
| ३ | ईजाजत पत्र नवीकरण गर्न म्याद भित्र नआएमा थप (असोज मसान्त देखि चैत्र मसान्त सम्म) | १५०० |
| ४ | ईजाजत पत्र प्रतिलिपी दस्तुर | १००० |

| | | |
|---|---|---|
| ५ | व्यवसाय नामसारी/ व्यवसाय ठाउँसारी | १०००० |

## ४. कृषि तथा पशुजन्य व्यवसाय

| क्र.सं. | व्यवसायको विवरण | करको दर रु. |
|---|---|---|
| १ | कृषि तथा पशु पंक्षी फर्म दर्ता प्रमाण पत्र | ५०० |
| २ | कृषि तथा पशु पंक्षी फर्म नवीकरण (संङ्घीय कानून बमोजिम) | ३०० |
| ३ | व्यावसायिक कृषक समूह दर्ता | ५०० |
| ४ | व्यावसायिक कृषक समुह नवीकरण | ३०० |

## ५. शिक्षा सेवा नीजि क्षेत्रका स्कुल

| क्र.सं. | व्यवसायको विवरण | रकम रु. |
|---|---|---|
| १ | नीजि विद्यालय सञ्चालन धरौटी रकम | |
| | क. आधारभुत तह १- ५ का लागि | १५००० |
| | ख. आधारभुत तह ६-८ का लागि | २०००० |
| | ग. माध्यामिक तह ९-१० का लागि | २५००० |
| | घ. माध्यामिक तह ११-१२ का लागि | ३०००० |
| २ | शैक्षिक संस्था कक्षा थप अनुमति | |
| | क. नीजि विद्यालय प्रति कक्षा संख्या थप अनुमति सिफारिस शुल्क | ३००० |
| | ख. सामुदायिक विद्यालय प्रति कक्षा थप अनुमति सिफारिस शुल्क | १००० |
| ३ | नीजि विद्यालय नवीकरण शुल्क | |
| | क. १-५ सम्मको विद्यालय भएमा | २००० |
| | ख. १-८ सम्मको विद्यालय भएमा | ३००० |
| | ग. १-१२ सम्मको विद्यालय भएमा | ५००० |

**नोट:** प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नवीकरण नगर्ने नीजि विद्यालयलाई ५०% थप जरिवाना लाग्ने छ।

**६. माथि उल्लेखित बाहेकका अन्य व्यापार र व्यवसायमा पुँजीगत लगानीका आधारमा तपशिलमा उल्लेखित दरमा कर लगाइनेछ :**

| क्र.स | लगानी तथा पुँजीको प्रकार | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. |
|---|---|---|---|
| १ | रु. १ हजार देखि १ लाख सम्म | ४०० | २०० |
| २ | रु. १ लाख १ रुपैया देखि रु ३ लाख सम्म | ५०० | ३०० |
| ३ | रु. ३ लाख १ रुपैया देखि रु ५ लाख सम्म | १००० | ४०० |
| ४ | रु. ५ लाख १ रुपैया देखि रु १० लाख सम्म | १५०० | ५०० |
| ५ | रु. १० लाख १ रुपैया देखि रु २० लाख सम्म | २००० | ५०० |
| ६ | रु. २० लाख १ रुपैया देखि रु ३० लाख सम्म | २५०० | ५०० |
| ७ | रु. ३० लाख १ रुपैया देखि रु ५० लाख सम्म | ३००० | १००० |
| ८ | रु. ५० लाख १ रुपैया देखि रु १ करोड सम्म | ४००० | १५०० |
| ९ | रु. १ करोड भन्दा माथि सबैमा | ५००० | २००० |
| नोटः व्यवसाय कर समयमा नवीकरण नगराएमा ५०% जरिवाना लाग्नेछ। | | | |

**७. मदिरा वापतको**

| क्र.स. | विवरण | रकम रु. |
|---|---|---|
| १ | मदिरा ईजाजत पत्र दर्ता | १००००० |
| २ | मदिरा ईजाजत पत्र नवीकरण | ७००० |
| नोटः व्यवसाय कर समयमा नवीरकण नगराएमा ५०% जरिवाना लाग्नेछ। | | |

## ८. उद्योग तथा कलकारखानाको हकमा

| क्र.स | लगानी तथा पुँजीका आधारमा सञ्चालित | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. |
|---|---|---|---|
| १ | रु. १० लाख सम्म लगानीमा सञ्चालित उद्योगहरुमा | १००० | ५०० |
| २ | रु. १० लाख १ रुपैया देखि रु. ३० लाख सम्म | २००० | ५०० |
| ३ | रु. ३० लाख १ रुपैया देखि रु. ५० लाख सम्म | ३००० | ५०० |
| ४ | रु. ५० लाख १ रुपैया देखि रु. १ करोड सम्म | ४००० | १००० |
| ५ | रु. १ करोड माथि लगानीमा सञ्चालित सबै उद्योगहरुमा | ५००० | १५०० |
| | **नोटः** महिलाहरुको नाममा दर्ता भएका तथा महिलाहरुद्वारा स्थापित उद्योगमा दर्तामा ५०% छुट गरिनेछ। | | |
| | नोटः व्यवसाय कर समयमा नवीरकण नगराएमा ५०% जरिवाना लाग्नेछ। | | |

## अनुसूची -५
### (ऐनको दफा ६ सँग सम्बन्धित)
### जडीबुटी, कवाडी र जीवजन्तु करको दर

| क्र.सं. | कवाडी कारोबार | रकम रु. |
|---|---|---|
| १ | वियर बोत्तलको प्रति बोतल रु | ०.२५ |
| २ | मदीरा खाली सिसी ५०० एम एल माथि | ०.२५ |
| ३ | मदीरा खाली शिसी ५०० एम एल सम्म | ०.२५ |
| ४ | प्लास्टीक वोत्तल, र भाँडा प्रति केजी | २ |
| ५ | फलाम र अन्य धातु र अन्य वस्तुको प्रति केजि | २ |
| ६ | जस्ता पाता, अन्य टीनको प्रति केजि | २ |
| ७ | कागज प्रति केजि रु | २ |
| ८ | खोटो संकलन प्रतिकेजी रु. | ३ |

| | | |
|---|---|---|
| ९ | कानूनले निषेध गरेका बाहेक अन्य मृत जीवजन्तुका हाड सिङ छाला प्वाँख प्रतिकेजि रु. | २०० |
| १० | अन्य सबैमा प्रतिकेजी रु. | ३ |

## अनुसूची -६
## (ऐनको दफा ७ सँग सम्बन्धित)
## प्राकृतिक स्रोत साधन विक्री

| क्र.सं. | शीर्षक | रकम रु. |
|---|---|---|
| १ | ढुङ्गा,गिट्टी, बालुवा | सुदुरपश्चिम प्रदेश ऐन बमोजिम हुने |
| २ | माटो ढुवानी | |
| ३ | अवैध उत्खनन जरिवाना | |

(**नोट:** प्राकृतिक स्रोत साधन भन्नाले ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर एवं नदि खोला खोल्सा वन क्षेत्र वा सार्वजनिक वा निजि जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर ऐतिहासिक र साँस्कृतिक महत्वका शालिग्राम, शिला र अति मुल्यवान वस्तु, चुनढुङ्गा बाहेकका प्राकृतिक स्रोतलाई सम्झनुपर्छ ।)

## अनुसूची - ७
## (ऐनको दफा ८ सँग सम्बन्धित)
## सवारी साधन कर

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८३/०८४ को कर |
|---|---|---|
| १ | अटो रिक्सा तथा ई-रिक्सा दर्ता/ रुट परमिट (आफ्नो पालिकाभित्र) | रु. १००० |
| २ | अटो रिक्सा तथा ई-रिक्सा नवीकरण | रु. ५०० |

## अनुसूची - ८
## (ऐनको दफा ९ सँग सम्बन्धित)
## विज्ञापन कर

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८।०८३ प्रति वर्ग फिट रु. |
|---|---|---|
| १ | होर्डिङ बोर्ड | सुदूरपश्चिम प्रदेश ऐन बमोजिम कर संकलित हुने। |
| २ | भित्ते तथा सटर पेन्टिङ | |
| ३ | रङ्गिन विज्ञापन | |
| ४ | अन्य पोष्ट पम्पलेट | |
| ५ | सार्वजनिक स्थानमा प्रचार कार्यक्रम | |
| ६ | मेला महोत्सव | |
| ७ | जिप गाडी प्रति | |
| ८ | स्वागत गेट | |
| ९ | पसल गेट प्रति पसल | |

## अनुसूची -९
## (ऐनको दफा १० सँग सम्बन्धित)
## मनोरञ्जन कर

| क्र.सं. | विवरण | प्रति दिन रु. |
|---|---|---|
| १ | मेला महोत्सव | सुदूरपश्चिम प्रदेश ऐन बमोजिम हुने |
| २ | मनोरञ्जन कार्यक्रम खेलकुद लगाएत अन्य कार्यक्रम | |

## अनुसूची -१०
## (ऐनको दफा ११ सँग सम्बन्धित)
## बहाल बिटौरी कर

| क्र.सं. | विवरण | वार्षिक प्रति वर्गमिटर रु. |
|---|---|---|
| १ | टहरा बनाई सार्वजनिक ठाउँको जग्गाको बहाल कर | १०० |
| २ | टहरा नबनाई सार्वजनिक ठाउँको जग्गाको बहाल कर मुख्य बजार बाहेक | ५० |
| ३ | सार्वजनिक स्थलमा ढुङ्गा, गिट्टी, बालुवा थुपारेवापत ( प्रति दिन) | २० |

## अनुसूची -११
## (ऐनको दफा १२ सँग सम्बन्धित)
## सवारी साधन पार्किङ् शुल्क (पार्किङ क्षेत्र निर्धारण गरेर)

| क्र.सं. | विवरण | एक पटकका लागि रु. |
|---|---|---|
| १ | बस ट्रक आदिमा ( एक पटकका लागि ) | १०० |
| २ | जिप भ्यान | ५० |
| ३ | मोटरसाईकल | २५ |

**नोट :** सरकारी सवारी साधनको लागि कुनै पार्किङ् शुल्क लाग्ने छैन ।

# अनुसूची - १२

## (ऐनको दफा १३ सँग सम्बन्धित)

## सेवा शुल्क दस्तुर, सिफारिस र प्रमाणित शुल्क

| क्र.सं. | विवरण | सेवा शुल्क, दस्तुर रु. |
|---|---|---|
| क | **प्रमाणित शुल्क** | रु. |
| १ | नाता प्रमाणित गर्ने | ३०० |
| २ | जन्म मिति प्रमाणित गर्ने | २०० |
| ३ | विवाहित प्रमाणित | २०० |
| ४ | अविवाहित प्रमाणित | २०० |
| ५ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २०० |
| ६ | जीवित सँगको नाता प्रमाणित | २०० |
| ७ | हकवाला वा हकदार प्रमाणित | ४०० |
| ८ | कागज वा मञ्जुरीनामा प्रमाणित | ४०० |
| ९ | जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित | प्रतिलाख रु.१०० |
| १० | संरक्षक प्रमाणित गर्ने | २०० |
| ११ | घर पातल प्रमाणित | २०० |
| १२ | घर बाटो प्रमाणित | ५०० |
| १३ | दलित प्रमाणित/जातीय विवरण प्रमाणित | ३०० |
| १४ | सगोल प्रमाणित दस्तुर | ३०० |
| १५ | स्थलगत सर्जमिन मुचुल्का तयार र प्रमाणित | १००० |
| ख | **चारकिल्ला प्रमाणित दस्तुर** | रु. |
| १ | आधारोपनी सम्मको जग्गा | ३०० |
| २ | १ रोपनी देखि २ रोपनी सम्मको | ४०० |
| ३ | ३ रोपनी देखि ५ रोपनी सम्मको | ५०० |
| ४ | ५ रोपनी देखि ७ रोपनी सम्मको | ८०० |

| | | |
|---|---|---|
| ५ | ८ रोपनी देखि १० रोपनी सम्मको | १००० |
| ६ | १० रोपनी देखि १५ रोपनी सम्मको | १५०० |
| ७ | १५ रोपनी देखि २० रोपनी सम्मको | २००० |
| ८ | २० रोपनी देखि माथिको जतिपनि | २५०० |
| ग | **घर निर्माण नक्सापास दस्तुर** | रु. |
| १ | ढलान गरी निर्माण गरिने घरलाई | रु. ३ प्रतिवर्ग फिट |
| २ | ढलान नगरी निर्माण गरिने घरलाई | रु. २ प्रतिवर्ग फिट |
| ३ | माटोको जडान गरी घर निर्माण गर्नेलाई | रु. ०.५० प्रतिवर्ग फिट |
| ४ | नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकका लागि | रु. ५०० |
| ५ | साविक घरमा मर्मत नहुने गरी मर्मत गरे | रु. ५०० |
| ६ | नक्सा पास सम्बन्धी काम सम्पन्न प्रमाण पत्र | रु. १००० |
| ७ | पास भएको नक्साको प्रतिलिपी | रु. १००० |
| ८ | पुरानो घरको नक्सा पास गर्नुपरेमा | रु. १० प्रतिवर्ग फिट |
| घ | **सिफारिस दस्तुर** | |
| १ | नागरिकता सिफारिस | २०० |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | २०० |
| ३ | नाबालक परिचयपत्र सिफारिस | २०० |
| ४ | बैबाहिक अंगिकृत नागरिकता सिफारिस | ५०० |
| ५ | नाम थर जन्म मिति एकै हो भन्ने सिफारिस | ३०० |
| ६ | नाम थर जन्म मिति संशोधन सिफारिस | ३०० |
| ७ | नामसारी सिफारिस | ५०० |
| ८ | जग्गा कित्ताकाट गर्न सिफारिस | ५०० |

| | | |
|---|---|---|
| ९ | जग्गा दर्ताका लगि सिफारिस (अव्यवस्थित बसोबासी) | ५०० |
| १० | फर्म दर्ता सिफारिस | ५०० |
| ११ | उद्योग दर्ता सिफारिस | ५०० |
| १२ | जग्गा धनी प्रमाणपुर्जा प्रतिलिपी सिफारिस | ५०० |
| १३ | जग्गा मोहि, नामसारी, जग्गा दर्ता, रैकर, गुठी आदि | ५०० |
| १४ | आयस्रोत प्रमाणित सिफारिस वार्षिक आयको हिसाबले प्रतिवर्ष | वार्षिक हुने रकमको ०.२ % |
| १५ | सम्पत्ति मूल्याङ्कन दस्तुर | कुल मूल्यको ०.५% |
| १६ | कालोपत्रे मोटरबाटो भएको सिफारिस | १००० |
| १७ | अन्य मोटरबाटो भएको  सिफारिस | ५०० |
| १८ | धारा/ बिजुली मिटर सिफारिस | ३०० |
| १९ | मोही लगत कट्टाको सिफारिस | ५०० |
| २० | घर जग्गा करको लेखा जोखा सिफारिस | ५०० |
| २१ | बहाल करको लेखा जोखा सिफारिस | ५०० |
| २२ | रुख कटान सिफारिस (निजी वन तथा जग्गामा) | प्रति रुख रु.५०० |
| २३ | समुह दर्ता सिफारिस | ५०० |
| २४ | तमसुक लिखत वापत | ५०० |
| २५ | छात्रवृत्ति सिफारिस | निःशुल्क |
| २६ | अन्य क्षेत्रमा स्थापनाका लागि संस्था दर्ता सिफारिस | ५०० |
| २७ | स्थायी/ अस्थायी बसोबास सिफारिस | ३०० |
| २८ | खाता सञ्चालन सिफारिस | ५०० |
| २९ | खाता बन्द सिफारिस | ३०० |
| ३० | स्थायी लेखा नं. जारी गर्न र बन्दका गर्नका लागि सिफारिस | ५०० |

| | | |
|---|---|---|
| ३१ | अन्य सिफारिस | ५०० |
| ङ | **शिक्षा सम्बन्धी सिफारिस** | |
| १ | कक्षा ८ को मार्कसिट प्रतिलिपी | ३०० |
| २ | विद्यालय खोल्न ठाउँसारी सिफारिस | ५०० |
| ३ | नीजि कलेज सिफारिस | २०००० |
| च | **आयात/निर्यातमा निकासी प्रति चौपाया सिफारिस** | |
| १ | भैसी/राँगा | रु. ५०० प्रति गोटा |
| २ | गाई/गोरु | रु. ५० प्रतिगोटा |
| ३ | बाख्रा/खसी/बोका/भेडा/च्याङ्ग्रा/ सुँगुर/बँगुर | रु. ५० प्रतिगोटा |
| ४ | कुखुरा र हाँस | रु. २ प्रतिगोटा |
| छ | **योजना सम्झौता सिफारिस** | |
| १ | वडा र पालिका स्तरिय योजना | रु. ५०० |
| २ | अन्य बाह्य योजनाका लागि | रु. ५०० |
| ज | **योजना फरफारक सिफारिस** | |
| १ | ५० हजार सम्मका योजनाका लागि | रु. ३०० |
| २ | ५० हजार माथि देखि ५ लाख सम्मका योजनाका लागि | रु. ५०० |
| ३ | ५ लाख १ रुपैया देखि १० लाख सम्मका योजनाका लागि | रु. १००० |
| ४ | १० लाख १ रुपैया देखि २० लाख सम्मको योजनामा | रु. १५०० |
| ५ | २० लाख ५०० देखि ५० लाखसम्मको योजनामा | रु. २००० |
| ६ | ५० लाख १ रुपैया देखि १ करोड सम्मको योजनामा | रु. २५०० |
| ७ | १ करोड भन्दा माथिका जुनसुकै योजनामा | रु. ३००० |
| झ | **गैरसरकारी संस्था/ संस्था** | |

| | | |
|---|---|---|
| १ | गैरसरकारी संस्थालाई पालिकाभित्र काम गर्न अनुमति पत्र प्रदान गरेवापत दस्तुर | रु. ५००० |
| २ | गैससरकारी संस्था सूचिकृत गरेवापत | रु. ५०० |
| ३ | गाउँपालिकामा समूह स्थापना वा संस्था दर्ता | रु. १००० |
| ञ | अन्य दस्तुर तथा सिफारिस: माथि समावेश भएका बाहेक | रु. ५०० |
| **नोटः** विपन्नलाई छात्रवृत्ति, आर्थिक सहायता, निः शुल्क उपचार, दैवि प्रकोप र ज्येष्ठ नागरिक भत्ता प्राप्तिका लागि तथा सामाजिक सुरक्षा भत्ताका लागि गरिने मञ्जुरीनामा, राष्ट्रिय रोजगारका कार्यक्रमका लागि सबै प्रकारका सिफारिस तथा योजना मागका लागि गरिने सिफारिस आदिमा सिफारिस दस्तुर निःशुल्क दिइनेछ। | | |

## अनुसूची -१३

**(ऐनको दफा १४ सँग सम्बन्धित)**

**पर्यटन शुल्क**

**(गाउँपालिकाभित्र पर्यटकीय स्थल सञ्चालन गरेर)**

| क्र.सं. | विवरण | पर्यटन शुल्क प्रतिदिन रु. |
|---|---|---|
| १ | दृश्यावलोकन | सुदूरपश्चिम प्रदेश ऐन बमोजिम हुने |
| | स्वदेशी नागरिक | |
| | विदेशी नागरिक | |
| २ | अध्ययन भ्रमण | |
| | स्वदेशी नागरिक | |
| | विदेशी नागरिक | |

**नोट**: स्वदेशी विद्यार्थीलाई ५० प्रतिशत छुट, अपाङ्ग ज्येष्ठ नागरिक अतिविपन्न व्यक्तिलाई प्रमाण पत्रका आधारमा नि:शुल्क हुनेछ।

## अनुसूची -१४
## (ऐनको दफा १५ सँग सम्बन्धित)
## ब्याक हु लोडर , ट्र्याक्टर र हल भाडा दर

| क्र.स | विवरण | भाडा दर रु. |
|---|---|---|
| १ | ब्याक हु लोडर | |
| (क) | प्रति घण्टा ईन्धन सहित | रु. ३५०० |
| (ख) | प्रति घण्टा ईन्धन बाहेक | रु. १७०० |
| २ | ट्र्याक्टर भाडा | प्रति कि मि रु. ५०० |
| ३ | अन्य भाडा | |
| ४ | गाउँपालिकाको हल प्रयोग गरे वापत | १००० प्रति दिन |
| ५ | गाउँपालिकाको प्रोजेक्टर प्रयोग गरेवापत | ५०० प्रति दिन |

**आज्ञाले,**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**